# भोटेकोशी बाढीपछिको पुनर्निर्माणका लागि सवा सात खर्ब चाहिने

## तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणका लागि आठ अर्ब ७३ करोड र दीर्घकालीन पुनर्निर्माणका लागि सात खर्ब १४ अर्ब ५८ करोड लाग्ने सरकारको प्रारम्भिक अनुमान

### राष्ट्रिय योजना आयोगका प्रवक्ता **हरिशरण पुडासैनी** भन्छन्-



आगामी तीन महिनाजतिमा विपत्पछिको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आवश्यकता आकलन रिपोर्ट आउन सक्छ । अहिले आयोगले प्रश्नावली बनाउने, फिल्डमा जाने तयारी गरिरहेको छ र राष्ट्रिय विपत् प्राधिकरणबाट प्रारम्भिक चरणको र्‍यापिड ड्यामेज एन्ड लस एसेसमेन्ट समाप्त भएर रिपोर्ट आइसकेको छ । अब सोही आधारमा विस्तृत प्रतिवेदन तयार बन्नेछ ।

### राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिनियर डिभिजनल इन्जिनियर **सुशीलकुमार श्रेष्ठ** भन्छन्-



सम्बन्धित मन्त्रालय, विभाग तथा निकायबाट तथ्यांक तथा विवरण संकलन र त्यसको विश्लेषण गरेर क्षति र पुनर्निर्माणका लागि आवश्यक स्रोतको प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ ।



**कृष्ण रिजाल**/नयाँ पत्रिका

गत १० भदौमा तिब्बत हुँदै भोटेकोशीमा आएको विनाशकारी बाढीले पुर्‍याएको क्षतिपछिको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि सवा सात खर्ब रुपैयाँ चाहिने आकलन गरिएको छ । सरकारले गरेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनले भोटेकाशी बाढीले पुर्‍याएको भौतिक पूर्वाधार पुनर्निर्माणका लागि सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यक पर्ने आकलन गरेको हो ।

हालसम्म एक हजार तीन सय ७७ जनाको ज्यान लिएको भोटेकोशी बाढीले रसुवा, नुवाकोट, धादिङका विभिन्न क्षेत्रमा ठुलो क्षति पुर्‍याएको छ । विनाशकारी बाढीले सर्वसाधारणका घरखेत, व्यवसाय, सडक, पुल, सुक्खा बन्दरगाह, मालवाहक कन्टेनर, नाकामा आइपुगेका सवारीसाधनलगायत बगाएको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) गरेको हो । सो प्रतिवेदनअनुसार विपत्‌बाट सबैभन्दा धेरै प्रभावित पूर्वाधार क्षेत्र पुनरुत्थानका लागि चार खर्ब ७३ अर्ब ५७ करोड १९ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । यो कुल विपत् पुनरुत्थान आवश्यकताको ७५ प्रतिशत हिस्सा हो ।

पूर्वाधार क्षेत्रमध्ये पनि ऊर्जा र सडकमा व्यापक क्षति पुगेको छ । जहाँ सात सय ५९ मेगावाट क्षमताका १३ वटा जलविद्युत् आयोजना र २४ मेगावाटका पाँचवटा सोलार प्लान्ट प्रभावित भएका छन् । यसका कारण ऊर्जा तथा ग्रिड प्रणालीको पुनरुत्थानका लागि मात्रै तीन खर्ब ९० अर्ब ६२ करोड ३० लाख ४० हजार रुपैयाँ आवश्यक पर्ने देखिएको छ ।

यसैगरी, ६९ किलोमिटर सडकखण्ड क्षतिग्रस्त भएको छ । ३३ वटा मोटरेबल पुल बगेका छन् भने चारवटामा आंशिक क्षति पुगेको छ । यस्तै, बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुंगे पुलमध्ये ५३ वटामा क्षति पुगेको छ । प्रभावित क्षेत्रको समग्र यातायात पूर्वाधार पुनरुत्थानका लागि ७३ अर्ब ३४ करोड २९ लाख ६० हजार रुपैयाँ खर्च लाग्ने देखिन्छ ।

### कुन क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि कति स्रोत चाहिन्छ ?

- **ऊर्जा तथा ग्रिड प्रणालीको पुनरुत्थानका लागि ३ खर्ब ९० अर्ब ६२ करोड ३० लाख ४० हजार रुपैयाँ**
- **यातायात पूर्वाधार पुनरुत्थानका लागि ७३ अर्ब ३४ करोड २९ लाख ६० हजार रुपैयाँ**
- **निजी घर, सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था र सांस्कृतिक सम्पदाको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि १ खर्ब ३ अर्ब ५४ करोड ९९ लाख**
- **व्यापार, व्यवसाय, बैंक र कृषि समेटिएको उत्पादक क्षेत्रको पुनरुत्थानका लागि ५० अर्ब ७७ करोड ४९ लाख रुपैयाँ**
- **विपत् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापनका लागि ९४ अर्ब ७५ करोड ३१ लाख रुपैयाँ**
- **लेदो तथा भग्नावशेष व्यवस्थापनका लागि ५१ करोड ५४ लाख रुपैयाँ**

बाढीका कारण सामाजिक तथा उत्पादन क्षेत्रमा पनि ठुलो भौतिक र आर्थिक असर परेको छ । बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनमा सात हजार पाँच सय ७० वटा निजी घरमा क्षति पुर्‍याएको छ । यसबाहेक ४८ वटा सार्वजनिक भवन, १८ वटा विद्यालय, सातवटा स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदामा क्षति पुगेको छ । यो क्षेत्रका लागि एक खर्ब तीन अर्ब ५४ करोड ९९ लाख रुपैयाँ बजेट आवश्यक छ ।

यसैगरी, व्यापार, व्यवसाय, बैंक र कृषि समेटिएको उत्पादक क्षेत्रको पुनरुत्थानका लागि ५० अर्ब ७७ करोड ४९ लाख रुपैयाँ लाग्ने आकलन गरिएको छ । उत्पादन क्षेत्रअन्तर्गत एक हजार आठ सय ६ हेक्टर कृषि बाली, १७ वटा बैंक शाखा र चार हजार आठ सय व्यापारिक प्रतिष्ठान प्रभावित भएका छन् ।

पाँच जिल्लाका प्रभावित १५ स्थानीय तहमध्ये नुवाकोटको विदुर नगरपालिकामा मात्रै तीन हजार २६ घरमा क्षति पुगेको छ । विपत् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापनका लागि ९४ अर्ब ७५ करोड ३१ लाख रुपैयाँ र लेदो तथा भग्नावशेष व्यवस्थापनका लागि ५१ करोड ५४ लाख रुपैयाँ आवश्यक पर्ने प्रतिवेदनले औँल्याएको छ ।

प्रतिवेदनले पुनर्निर्माणलाई दुई चरणमा विभाजन गरेको छ । जसअनुसार आगामी ६ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणका लागि आठ अर्ब ७३ करोड ५० लाख रुपैयाँ र दीर्घकालीन पुनर्निर्माणका लागि सात खर्ब १४ अर्ब ५८ करोड दुई लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

सम्बन्धित मन्त्रालय, विभाग तथा निकायबाट तथ्यांक तथा विवरण संकलन गरेर त्यसको विश्लेषण गरेर क्षति र पुनर्निर्माणका लागि आवश्यक स्रोतको प्रारम्भिक प्रतिवेदन तयार गरिएको प्राधिकरणका सिनियर डिभिजनल इन्जिनियर तथा समितिका सदस्य सुशीलकुमार श्रेष्ठले जानकारी दिए ।

#### पिडिएनए अघि बढ्यो, रिपोर्ट पाँच महिनामा आउने

सरकारले विपत्पछिको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आवश्यकता आकलन (पिडिएनए) प्रक्रिया अघि बढाइसकेको छ । राष्ट्रिय योजना आयोगले पिडिएनए सुरु गरिसकेको छ । आयोगका प्रवक्ता हरिशरण पुडासैनीले आगामी तीन महिनाजतिमा पिडिएनए रिपोर्ट आउन सक्ने बताए । अहिले आयोगले प्रश्नावली बनाउने, फिल्डमा जाने तयारी गरिरहेको उनले जानकारी दिए । 'राष्ट्रिय विपत् प्राधिकरणबाट प्रारम्भिक चरणको र्‍यापिड ड्यामेज एन्ड लस एसेसमेन्ट समाप्त भएर रिपोर्ट आइसकेको छ,' उनले भने, 'अब सोही आधारमा विस्तृत प्रतिवेदन तयार बन्नेछ ।'

# पूर्वाधार आयोजनाको मुद्दा हेर्न छुट्टै न्यायाधिकरणको तयारी

## तीन महिनाभित्र मुद्दा किनारा लाग्नुपर्ने, पुनरावेदनका लागि सर्वोच्चले विज्ञ न्यायाधीश राखेर विशेष इजलास बनाउनुपर्ने व्यवस्थासहितको विधेयकको मस्यौदा तयार

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

पूर्वाधार आयोजनाको निर्माण तथा ठेक्कासम्बन्धी मुद्दाको न्यायिक प्रक्रिया अघि बढाउन छुट्टै शक्तिशाली पूर्वाधार न्यायाधिकरण स्थापना गर्ने प्रस्ताव गरिएको छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले तयार गरेको 'पूर्वाधार न्यायाधिकरण गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'मा यस्तो प्रस्ताव गरिएको छ ।

मन्त्रालयले राय-सुझावका लागि उक्त मस्यौदा सार्वजनिक गरेको छ । प्राप्त राय-सुझावका आधारमा मस्यौदा परिमार्जन गरेर मन्त्रिपरिषद् हुँदै संसद्‌मा दर्ता गरिनेछ । नेपालमा पहिलोपटक यस्तो कानुन ल्याउन लागिएको हो ।

अहिले नेपालमा पूर्वाधारसम्बन्धी कुनै पनि मुद्दाको न्यायिक प्रक्रिया अदालतमार्फत नै अगाडि बढ्छ । तर, अदालती प्रक्रिया लामो हुने हुँदा पूर्वाधार निर्माण पनि प्रभावित भइरहेको छ । वर्षौँसम्म पनि यस्तो मुद्दा अदालतबाट किनारा लाग्न नसकेको अवस्थामा आवश्यक सुधार ल्याउन मन्त्रालयले २५ चैतमा सचिव पाराश्वर ढुंगानाको संयोजकत्वमा बनाएको अध्ययन समिति बनाएको थियो । समितिले जेठमा प्रस्तुत गरेको प्रतिवेदनमा पूर्वाधार विकाससम्बन्धी मुद्दालाई छिटोछरितो अघि बढाउन सिफारिस गरेको थियो । साथै, छुट्टै न्यायाधिकरण गठन गर्न पनि सिफारिस गरेको थियो । त्यसपछि मन्त्रालयले सोहीअनुसार कानुन बनाउन लागेको हो ।

GREEN HOME LOAN
INTEREST RATE STARTING FROM 6.07% p.a.
FOR SUSTAINABLE LIVING!
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

सडक, जलविद्युत् तथा विद्युत् प्रसारणलाइन, विमानस्थल, सूचना प्रविधि, सहरी विकास, खानेपानीजस्ता भौतिक संरचनाको निर्माण, मर्मत तथा सम्भार आयोजनासम्बन्धी मुद्दा न्यायाधिकरणबाट अघि बढ्ने प्रस्ताव छ । तीन सदस्यीय हुने पूर्वाधार न्यायाधिकरणको अध्यक्ष उच्च अदालतको न्यायाधीश हुने व्यवस्था गरिएको छ । सरकारले उच्च अदालतमा भएका न्यायाधीशमध्ये कुनै एकजनालाई अध्यक्ष तोक्न सक्नेछ । यसैगरी, दुई सदस्यमा भने विज्ञ राखिने प्रस्ताव गरिएको छ ।

विधेयकअनुसार अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य, कानुन तथा वित्त विषयमा स्नातकोत्तर गरेर सार्वजनिक खरिदमा १५ वर्ष काम गरेका विज्ञबाट एक र इन्जिनियरिङमा स्नातकोत्तर गरी आयोजना व्यवस्थापनमा १५ वर्ष काम गरेका विज्ञबाट एकजना सदस्य राखिनेछ । सदस्यको कार्यकाल पाँच वर्ष हुनेछ । अध्यक्षको कार्यकाल भने सरकारले तोकेअनुसार हुने प्रस्ताव गरिएको छ ।

मन्त्रालयका सचिव पाराश्वर ढुंगानाले न्यायाधिकरण गठन भएपछि पूर्वाधार आयोजनाको मुद्दा छिटो टुंगोमा पुग्ने बताए । 'अहिले पूर्वाधार आयोजना र यसको ठेक्कासम्बन्धी मुद्दा प्रक्रिया टुंगिन वर्षौं लाग्ने गरेको छ । तर, यो भएपछि तीन महिनामै मुद्दा टुंगिन्छ । हामीले कानुनमै तीन महिनाभित्र यस्तो मुद्दा टुंग्याउनुपर्ने भनेर व्यवस्था गरेका छौँ,' उनले भने, 'हामीले पहिलोपटक यस्तो कानुन ल्याउन लागेका हौँ ।'

### कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव **पाराश्वर ढुंगाना** भन्छन्-



न्यायाधिकरण गठन भएपछि पूर्वाधार आयोजनाको मुद्दा छिटो टुंगोमा पुग्छन् । अहिले पूर्वाधार आयोजना र यसको ठेक्कासम्बन्धी मुद्दा प्रक्रिया टुंगिन वर्षौं लाग्ने गरेको छ । तर, यो भएपछि तीन महिनामै मुद्दा टुंगिन्छ । हामीले कानुनमै तीन महिनाभित्र यस्तो मुद्दा टुंग्याउनुपर्ने भनेर व्यवस्था गरेका छौँ । हामीले पहिलोपटक यस्तो कानुन ल्याउन लागेका हौँ ।

मस्यौदाअनुसार ठेक्का, जग्गा प्राप्ति, मुआब्जा, राइट अफ वेजस्ता विषय सम्बन्धित मुद्दा न्यायाधिकरणबाटै अघि बढ्नेछ । सार्वजनिक खरिदलगायत पूर्वाधार विकास तथा निर्माणसम्बन्धी संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) का साझेदारबिच (स्वदेशी-विदेशी वा स्वदेशी-स्वदेशी) हुने विवाद न्यायाधिकरणबाटै निरुपण हुनेछ । सार्वजनिक खरिदलगायत पूर्वाधार विकास तथा निर्माणसम्बन्धी बोलपत्रको कार्यसम्पादन जमानत वा अग्रिम भुक्तानी जमानतसम्बन्धी विवाद पनि न्यायाधिकरणबाटै निरूपण हुने प्रस्ताव गरिएको छ ।

सार्वजनिक खरिदलगायत पूर्वाधार विकास तथा निर्माणको ठेक्काको विवाद पनि यसमार्फत नै अघि बढ्नेछ । सार्वजनिक-निजी साझेदारीमा निर्माण तथा सञ्चालन हुने आयोजनासम्बन्धी विवाद पनि न्यायाधिकरणबाट अघि बढ्ने प्रस्ताव गरिएको छ । सार्वजनिक पूर्वाधार निर्माण चरणमा निर्माण व्यवसायी वा परामर्शदातासँग सम्बन्धित जनशक्ति, आपूर्तिकर्ता, स्थानीय प्रभावित व्यक्ति, संस्था वा समुदायसँग सम्बन्धित वा निजहरूबिचको विवाद पनि न्यायाधिकरणले हेर्ने प्रस्ताव गरिएको छ ।

यस्तै, सार्वजनिक पूर्वाधार निर्माण चरणमा निर्माण व्यावसायीले उपयोग गर्ने निर्माण सामग्रीको उत्खनन विधि र स्थल, निर्माणपश्चात् मर्मत-सम्भार र सञ्चालनमा निर्माण व्यवसायीको दायित्वसम्बन्धी विवाद पनि न्यायाधिकरणबाटै निरूपण गरिनेछ ।

#### तीन महिनाभित्र मुद्दा किनारा लगाउनुपर्ने

मस्यौदाअनुसार न्यायाधिकरणले दर्ता भएको ९० दिन (तीन महिना)भित्र मुद्दा किनारा लगाइसक्नुपर्नेछ । अर्थात्, मुद्दा दर्ता भएको तीन महिनामा निर्णय दिइसक्नुपर्नेछ । न्यायाधिकरणको निर्णय चित्त नबुझ्ने पक्ष ३० दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदनमा जान सक्नेछन् । सर्वोच्चले पनि पुनरावेदन दर्ता भएको ९० दिनभित्र कारबाही र किनारा लगाइसक्नुपर्ने मस्यौदामा उल्लेख छ ।

Katari Municipality
Office of the Municipal Executive
Koshi Province, Udayapur

Re-Invitation for Bids (Hard Copy)

Date of publication: 11th September, 2026 (2083/05/26)

Pursuant to the notice issued by the Public Procurement Monitoring Office (PPMO), Kathmandu, vide Letter No. Su.Pra 083/84, MIT/182, dated 2083/05/11, regarding the security risks and maintenance of the e-GP system, the tender notice no. KMUN/W/NCB/16/083/84, previously published by this office on 2083/05/05 through the PPMO's e-GP portal, is hereby cancelled.

**Accordingly, this notice is published for the information of all concerned.**

| SN | Contract ID | Description of work | Est. Amount without VAT (NRs) | Bid Security (NRs) | Bid validity / Security period | Bid Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | KMUN/W/ NCB/16/083/84 | Upgradation of Betini - Katujne - Palsing - Ward no. 10 Office Road | 87,08,632.67 | 2,20,000 | 90 days / 120 days | 3,000 |

| Pre-bid Meeting | Last Date & Time for Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|---|
| 24th September, 2026 1:00 PM | 1st October, 2026 5:00 PM | 2nd October, 2026 12:00 PM | 2nd October, 2026 1:00 PM |

A complete set of Bidding Documents must be purchased from **Katari Municipality, Office of Municipal Executive** by eligible Bidders on the submission of a written application, along with the copy of company / firm registration certificate, and upon payment of a non-refundable fee of **Rs 3,000** till **1st October, 2026** during office hours.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank : **Rastriya Banijya Bank**
Name of Office : **Katari Municipality, Office of Municipal Executive**
Office Code no. : **13-365-11**
Office Account no. : **2050100301010002**
Rajaswa (revenue) Shirshak no. : **14229**

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# २१ दिनमा करिब १०० अंकले घट्यो बजार

**काठमाडौं**/ निरन्तर ओरालो लागिरहेको सेयर बजार परिसूचक नेप्सेमा १० भदौको भोटेकोशी बाढीले थप असर पारेको छ । १० भदौपछि मात्रै नेप्से ६२.७२ अंकले बजार घटेको छ । पछिल्लो समय २१ दिनमा मात्रै नेप्से परिसूचक ९७.८५ अंकले घटेको छ ।

४ भदौमा परिसूचक २६२९.४ विन्दुमा पुगेको थियो । त्यसपछि ओरालो लागेर बजार परिसूचक ९ भदौमा २५९४.२७ विन्दुमा रोकिएको थियो । १० भदौमा भोटेकोशीमा बाढी आएको दिन एकैपटक बजार परिसूचक ३५.९२ अंकले घट्यो । १५ भदौमा नेप्से ४३.८९ अंकले घट्यो । त्यसपछि चार कारोबार दिनमा बजार बढ्ने संकेत देखिए पनि बुधबार र बिहीबार फेरि ओरालो लाग्यो ।

बाढी गएको दिन १० भदौमा चार अर्ब ६९ करोड रुपैयाँको कारोबार भएको थियो । त्यस दिनयता कारोबार रकममा वृद्धि भएको छैन । बिहीबार नेप्से १३.८५ अंकले घटेर २५३१.५५ विन्दुमा पुगेको छ । सबै १३ वटा समूहको परिसूचक घटेको छ । कुल चार अर्ब बराबरको कारोबार भएको छ । जलविद्युत् समूहको परिसूचक खस्किएको देखिन्छ । १० भदौयता यो समूहको परिसूचक १८७.७४ अंकले घटेको छ ।

# घरेलु कार्यालयबाटै यातायात सेवा

**बुटवल**/ लुम्बिनी प्रदेश सरकारले घरेलु तथा साना उद्योग कार्यालयबाट समेत यातायातसम्बन्धी सेवा प्रवाह गर्ने भएको छ । लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले यातायात सेवा नपुगेका जिल्लामा घरेलु कार्यालयमार्फत सेवा सञ्चालन गर्ने निर्णय छिट्टै कार्यान्वयन गरिने बताएका हुन् । उनले सेवा सञ्चालन नभएका जिल्लामा घरेलु कार्यालयलाई यातायात सेवाको शाखाका रूपमा प्रयोग गरिने स्पष्ट पारे । सरकारले असोजदेखि १२ जिल्लाबाट सवारी पटके सेवा सञ्चालन गर्ने तयारी गरेको उनले जानकारी दिए ।

# लुम्बिनीमा लक्ष्यको ५० प्रतिशत पनि संकलन भएन आन्तरिक राजस्व

बुटवलमा **विष्णुप्रसाद घिमिरे**

लुम्बिनी प्रदेश सरकार स्थापना भएदेखि नै राजस्व संकलनले कुनै पनि वर्ष लक्ष्य भेट्टाउन सकेको छैन । प्रदेश र स्थानीय तहबिच बाँडफाँट हुने राजस्वबाहेक प्रदेशको आन्तरिक राजस्व शीर्षकमा लक्ष्यको ५० प्रतिशतभन्दा पनि कम राजस्व संकलन भइरहेको छ । गत आर्थिक वर्ष ०८२/८३ मा आन्तरिक राजस्वबाट चार अर्ब ८८ करोड चार लाख ६५ हजार संकलन गर्ने लक्ष्य राखिएकोमा दुई अर्ब ३९ करोड २२ लाख ७३ हजार एक सय दुई रुपैयाँ मात्रै संकलन भएको छ । यो लक्ष्यको ४९ दशमलव शून्य २ प्रतिशत मात्रै हो ।

प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८३/८४ मा ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट ल्याएको छ । यस बजेटको स्रोतमध्ये आन्तरिक राजस्वबाट ६ अर्ब ६१ करोड ८५ लाख संकलनको लक्ष्य राखिएको छ ।

लुम्बिनीले गत आर्थिक वर्ष ०८२/८३ मा पनि आन्तरिक राजस्वतर्फ लक्ष्यको जम्मा ४९ दशमलव शून्य २ प्रतिशत संकलन गरेको छ । प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका अनुसार संकलन गर्ने सवारीसाधन कर शीर्षकमा दुई अर्ब ९० करोड लक्ष्य राखेकामा एक अर्ब ९९ करोड ५१ लाख ६९ हजार तीन सय ८९ अर्थात् ६८ दशमलव ८० प्रतिशत संकलन गरेको छ । त्यस्तै, प्रदेश र स्थानीय तहबिच बाँडफाँट हुने स्थानीय तहले संकलन गर्ने राजस्व शीर्षकमा दुई अर्ब ८२ करोड ९० लाख संकलन गर्ने लक्ष्य राखेकामा जम्मा दुई अर्ब चार करोड एक लाख ९४ हजार नौ सय ५३ अर्थात् ७२ दशमलव १२ प्रतिशत संकलन गरेको छ ।

आन्तरिक राजस्व संकलन लक्ष्यमा सबैभन्दा कमजोर सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त हुने आम्दानी शीर्षकमा २५ लाख लक्ष्य राखिएको थियो । तर, लक्ष्यको जम्मा २२ प्रतिशत पाँच लाख ५० हजार ७१ रुपैयाँ संकलन भएको छ । त्यस्तै, सरकारी सम्पत्तिको बहालबाट ८० लाख संकलन हुने लक्ष्य राखिएकामा जम्मा २२ दशमलव ५९ प्रतिशत अर्थात् १८ लाख सात हजार चार सय ४३ रुपैयाँ संकलन गरेको छ । कृषि आयमा लाग्ने कर शीर्षकमा ५२ हजारको लक्ष्य राखिएकामा १५ हजार तीन सय ७४ रुपैयाँ मात्रै संकलन भएको छ । त्यस्तै, वन क्षेत्रको आय शीर्षकमा एक अर्ब ९९ करोड सात लाख ४० हजार लक्ष्य लिइएकोमा जम्मा ७६ करोड ४२ लाख २८ हजार पाँच सय ८८ रुपैयाँ संकलन भएको थियो । चालक अनुमतिपत्र र सवारीबाट एक अर्ब ८० करोड राजस्व संकलन गर्ने लक्ष्य लिइएकामा ८१ करोड ८४ लाख ६२ हजार पाँच सय ११ रुपैयाँ संकलन भएको छ, जुन लक्ष्यको ४५ दशमलव ४७ प्रतिशत हो ।

### विगतका चार वर्षमा राजस्व संकलनको स्थिति

**०८२/०८३ :** ४ अर्ब ८८ करोड ४ लाख ६५ हजार संकलन गर्ने लक्ष्य राखिएकोमा २ अर्ब ३९ करोड २२ लाख ७३ हजार मात्रै संकलन (४९ दशमलव शून्य २ प्रतिशत)

**०८१/०८२ :** ४ अर्ब ७१ करोड २० लाख संकलन गर्ने लक्ष्य लिएकामा १ अर्ब ९३ करोड २ लाख मात्रै संकलन (४०.९६ प्रतिशत)

**०८०/०८१ :** ७ अर्ब ९८ करोड ५१ लाखको लक्ष्य रहेकामा ३ अर्ब ४३ करोड ७७ लाख संकलन (४३ दशमलव ०५ प्रतिशत)

**०७९/०८० :** ५ अर्ब १० करोड ५९ लाख संकलन गन लक्ष्य रहेकामा ३ अर्ब ६१ करोड ३५ लाख ७६ हजार संकलन (७० दशमलव ७७ प्रतिशत)